फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी

प.सं. ०७७/०७८

लुम्बिनी प्रदेश

चलानी नं.

रेसुङ्गा नगरपालिका, गुल्मी
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति २०७७।०८।०४

## रेसुङ्गा नगरपालिका, गुल्मीको लकडाउन सम्बन्धी अत्यन्तै जरुरी सूचना

रेसुङ्गा नगरपालिकाक्षेत्रभित्र कोरोना (कोभिड-१९) संक्रमण तीव्र रुपमा फैलिदै गएकोले सोको रोकथाम तथा नियन्त्रण गर्नका लागि २०७७ मंसिर ४ गते राती १२:०० वजेदेखि १३ गते राती १२:०० वजेसम्म सम्पूर्ण नगरक्षेत्रलाई लकडाउन गर्ने निर्णय भएको हुँदा सम्पूर्ण नगरबासी बुबाआमा दाजुभाइ दिदीबहिनीहरुले देहाय बमोजिम आदेशको पालना गर्नु गराउनु हुन र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सुरक्षित रहनु हुन हार्दिक अनुरोध छ ।

- लकडाउनको अबधिमा एम्बुलेन्स, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, इन्धन, सरसफाइ, स्वास्थ्यसेवा तथा औषधि पसलहरु पूर्ववत रुपमा संचालन गर्ने ।
- नगरपालिकाका सम्पूर्ण वडा तथा नगरपालिका कार्यालयबाट अत्यावश्यक बाहेक अन्य सेवाहरु बन्द गरिनेछ ।
- नगरक्षेत्रभित्रका सम्पूर्ण (सामुदायिक तथा संस्थागत) विद्यालयहरुमा पठन पाठन पूर्णरुपमा बन्द गर्ने । शिक्षा तथा मानवस्रोत बिकास केन्द्र (श्रब्यदृष्य शाखा) सानोठिमी, भक्तपुरबाट मिति २०७७/०७/२८ मा सम्प्रेषण गरिए अनुसार मिति २०७७/०८/०१ गतेदेखि २०७७/०८/१५ गतेसम्म विभिन्न रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने श्रब्यदृष्य तथा श्रब्यपाठ प्रसारण तालिका अनुसार निरन्तर सिकाईमा सहभागी हुन विद्यार्थीहरुलाई जानकारी गराउने । माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२ को वार्षिक परीक्षा) राष्ट्रिय परीक्षा बोर्डबाट संचालन र व्यवस्थापन हुने मिति २०७७ मंसिर ०९ गतेबाट नै निर्देशित कार्यविधि, मापदण्ड र समय समयमा दिइएका जिम्मेवारी अनुसार सुचारु रुपमानै सञ्चालन गर्ने गराउने ।
- तरकारी फलफूल दूध तथा दूग्धजन्य पदार्थको बिक्री वितरण जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै विहान ७ :०० वजेदेखि ९:०० वजेसम्म र साँझ ५:०० वजेदेखि ६.३० वजेसम्म सञ्चालन गर्ने, अन्य पसलहरुको हकमा स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गरी दैनिक विहान ७:०० वजेदेखि ९:०० वजेसम्म मात्र सञ्चालन गर्ने ।
- विवाह, व्रतबन्ध, धार्मिक अनुष्ठान, मेलापर्व, भोज भतेर जस्ता वढी मानिस जमघट हुने स्थानमा १० (दश) जना भन्दा वढी भेला नहुने ।
- उद्योगधन्दा, निर्माणकार्य जुन स्थानमा सञ्चालन भएको छ सोही स्थानमा कामदारहरुलाई खाने बस्ने व्यवस्था मिलाई सञ्चालन गर्ने ।
- अन्य स्थानवाट आउने सवारी साधनहरु यस नगरपालिकाको निश्चित पार्किङ्गस्थल वाहेक अन्य स्थानमा नरोक्ने र पार्किङ्ग नगर्ने ।
- बैक तथा वित्तिय संस्थाहरुले अत्यावश्यक सेवा स्वास्थ्य मापदण्ड पुरा गरी सञ्चालन गर्ने गराउने ।
- सम्पूर्ण नगरवासीहरु अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कने ।
- शारीरिक व्यायाम, खेलकुंद तथा अन्य गतिविधिहरु लकडाउन अवधिभर जमघट भएर नगर्ने ।
- माथि उल्लेखित नियमहरु पालना नगर्नेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।

डिल्लीराज भुसाल
प्रमुख
नगरपालिका